# ग्रीन डेभलपमेण्ट बैंक लिमिटेड

शाखा कार्यालय पोखरा

# पुनः धितो लिलाम बिक्रीको ७ दिने सार्वजनिक सूचना

(मिति २०८०/०८/२९) को आदर्श समाज राष्ट्रिय दैनिकमा प्रकाशित

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले लिएको ऋण कर्जाको चुक्ता भुक्तानी मिति समाप्त भईसक्दा र सो ऋण चुक्ता गर्न पटक-पटक मौखिक तथा लिखित ताकेता गर्दा तथा मितिः २०७९/०४/२२ मा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सोको बेवास्ता गरी ऋणी तथा जमानतकर्ता ले कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको हुँदा कर्जाको सुरक्षणको रूपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्तिः जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी लिलाम बिक्री गरिने भएकोले उक्त के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र शिलबन्दी बोलपत्र सम्बन्धित शाखा वा बैंकको केन्द्रीय कार्यालय पोखरा ०८, न्युरोड कास्कीमा दाखिल गर्नुहुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औ दिन (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) को केन्द्रीय कार्यालय, पोखरा ०८, न्युरोड कास्कीमा दिनको ठीक २:३० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, इच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लिखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ । साथै ऋणीले कर्जा चुक्ता फछ्र्यौट गरेमा बैंकद्वारा कुनैपनि बखत लिलामीको प्रकृया समाप्त गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| ऋणीको विवरण | लिलाम विक्रीहुने सम्पत्तीको विवरण |
|---|---|
| नाम : नेत्र बहादुर गुरुङ<br>ठेगाना : माछापुच्छ्रे गा.पा. ०२, कास्की<br>हाल : माछापुच्छ्रे गा.पा. ०२, कास्की<br>ना.प्र.नं.: ५१३४३<br>जारी मितिः २०५३/११/०८ कास्की<br>बाबुको नाम : देवान सिं गुरुङ<br>बाजेको नाम : मकान सिं गुरुङ<br>ऋणको प्रकार : कृषि कर्जा | मकान सिंह गुरुङ्गको बुहारी देवान सिं गुरुङ्गको पत्नी माछापुच्छ्रे गा.पा. ०२, कास्की बस्ने सन्त कुमारी गुरुङ्गको नाममा कास्की जिल्ला मालपोत कार्यालय, कास्कीमा दर्ता स्रेस्ता कायम रहेको कास्की जिल्ला पुरन्चौर गा.वि.स वडा नं १ स्थित कित्ता नं.: ७४० क्षेत्रफल : ३-९-१-० (रोपनी) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लगापात समेत । |
| व्यक्तिगत धनजमानी दिनेको विवरण | |
| १) व्यक्तिगत धनजमानी दिनेको नाम : सन्त कुमारी गुरुङ<br>ठेगाना : सार्दिखोला गा.वि.स ०३, कास्की<br>हाल : माछापुच्छ्रे गा.पा. ०२, कास्की<br>ना.प्र.नं.: १५७<br>जारी मितिः २०४३/०८/२५ जारी जिल्ला : कास्की<br>पतिको नाम : देवान सिं गुरुङ<br>ससुराको नाम : मकान सिं गुरुङ | २) व्यक्तिगत धनजमानी दिनेको नाम : राधा गुरुङ<br>ठेगाना : सार्दिखोला गा.वि.स.०३, कास्की<br>हाल : माछापुच्छ्रे गा.पा. ०२, कास्की<br>ना.प्र.नं.: ४६३०१८/२७०<br>जारी मिति : २०६३/१०/१६ जारी जिल्ला : कास्की<br>पतिको नाम : नेत्र बहादुर गुरुङ<br>ससुराको नाम : देवान सिं गुरुङ |

**लिलाम बिक्रीका शर्तहरु**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय, पोखरा ८, न्यूरोड तथा शाखा कार्यालयहरु बाट प्राप्त गर्न सकिनेछ ।

२. बोलपत्रका साथ आफूले खरिद गर्न कबोल गरेको रकमको न्यूनतम १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर सलग्न गर्नुपर्ने छ र सो रकमको कुनै व्याज दिइने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।

३. बोलपत्रकर्ता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रकर्ता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/ कम्पनी / फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाण पत्रको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।

४. शिलबन्दी बोलपत्र मिति २०८०/०९/०५ गते दिनको ३ बजे भित्रमा बैंकको केन्द्रीय कार्यालय वा शाखा कार्यालय, पोखरामा आईपुग्ने गरि बुझाउनुपर्ने छ । उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालयहरु खुलेको दिनमा बोलपत्र फारम बुझाउनु पर्ने छ । गोप्य सिलबन्दी बोलपत्रहरु मिति २०८०/०९/०६ गते अर्थात ८ औं दिन दिउसो २:३० बजे यस बैंकको केन्द्रीय कार्यालय पोखरा ८, न्यूरोड मा उपस्थित प्रतिनिधिहरु, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ र उक्त दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालयहरु खुलेको दिन खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सवै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

५. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात् बैंकले तोकेको मिती भित्र यस बैंकमा नगदै जम्मा गरी धितोमा रहेको (लिलाम सकार गरेको सम्पत्ति आफ्नो नाममा दाखिला खारेज गराई लिनुपर्ने छ । यसरी बाँकी रकम जम्मा गर्ने समय सीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (घर जग्गा ) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा सम्पूर्ण खर्चहरु सकार गरी लिन स्वयमले व्यहोर्नु पर्नेछ ।

६. बोलपत्र पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आफैंले सकार गर्न वा पून: सूचना जारी गरी लिलामी प्रक्रियामा जानसक्नेछ ।

७. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा नसकेमा धरौटी रकम स्वत : जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात् मात्र धरौटी बापत जम्मा गरेको रकम भूक्तानी गरिनेछ ।

८. धितोमा रहेको सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्णअधिकार यस डेभलपमेन्ट बैंकमा निहीत हुनेछ ।

९.यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा डेभलपमेन्ट बैंकको केन्द्रीय कार्यालय, पोखरा ०८, न्यूरोड तथा शाखा कार्यालयहरुमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

१०. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।


| केन्द्रीय कार्यालय | शाखा कार्यालय कास्की |
|---|---|
| पोखरा-८, न्यूरोड, कास्की | पोखरा-८, न्यूरोड, कास्की |
| फोन नं: ०६१-५८३५९०, ५८३६३४ | फोन नं: ०६१ -५८३५९० |


ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड

GREEN DEVELOPMENT BANK LTD

PARTNERING FOR PROSPERITY